त्रिभुवन विश्वविद्यालयको योजना निर्देशनालयमा पेस गर्ने निवेदनको नमुना

श्रीमान् निर्देशकज्यू,

योजना निर्देशनालय,त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं।

विषय: शैक्षिक कार्यक्रम तथा विषयको प्राथमिकता निर्धारण गरी आवेदन पेस गरिएको सम्बन्धमा।

महोदय,

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरूका लागि मिति २०८३/०७/२१ मा प्रकाशित योग्यताक्रम सूचीको आधारमा नयाँ शैक्षिक कार्यक्रम/विषय सञ्चालन गर्ने प्रयोजनका लागि यस क्याम्पस/कलेजले देहायबमोजिम प्राथमिकता निर्धारण गरी आवश्यक प्रक्रिया अगाडि बढाइदिनुहुन यो आवेदन पेस गरेका छौँ।

१. क्याम्पस/कलेजको विवरण

क्याम्पस/कलेजको नाम:

ठेगाना:

सम्पर्क नम्बर:

इमेल:

२. शैक्षिक कार्यक्रम/विषयको प्राथमिकता

प्राथमिकता	छनोट गरिएको शैक्षिक कार्यक्रम वा विषय
प्रथम प्राथमिकता	
द्वितीय प्राथमिकता	

पुनश्च: द्वितीय प्राथमिकताका लागि विकल्प उपलब्ध नभएमा Google form मा 'लागू नहुने (Not Applicable)' छनोट गर्नुहोला।

३. घोषणा तथा प्रतिबद्धता

यस आवेदन फाराममा उल्लेख गरिएका तथा पेश गरिएका सम्पूर्ण विवरण र कागजातहरू सत्य, तथ्यपरक, सही एवं आधिकारिक रहेको हामी घोषणा गर्दछौँ। साथै, त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित नियम, मापदण्ड, नीति तथा निर्देशनहरूको पूर्ण रूपमा पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ। पेश गरिएका कुनै पनि विवरण वा कागजात झुटो, गलत वा भ्रामक ठहरिएमा सोबाट उत्पन्न हुने सम्पूर्ण जिम्मेवारी तथा प्रचलित कानुनबमोजिमका दायित्व र कानुनी परिणाम स्वयं कलेजले व्यहोर्नेछ भन्ने कुरामा हामी पूर्ण सहमत छौँ।

विशेष अनुरोध: माथि उल्लेखित विवरण तथा छनोट गरिएको शैक्षिक कार्यक्रम वा विषयको प्राथमिकतासहितको आवेदन क्याम्पसको आधिकारिक लेटरहेडमा क्याम्पस प्रमुखको हस्ताक्षर तथा क्याम्पसको छापसहित पेस गर्नुहुन अनुरोध छ।